"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.: ०८३/८४
मितिः २०८३/०४/०१

च.नं. १४

**विषय: आर्थिक प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

**श्री सम्पूर्ण फर्महरु।**

प्रस्तुत विषयमा आ.व. २०८३/८४ मा दमक नगरपालिका र उर्लाबारी नगरपालिका सिमाना भएर बग्ने मावा खोलाको साधारण निर्माणमुखि नदिजन्य सामाग्रीको उत्खनन्, संकलन तथा बिक्रि कर संकलन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा यस पत्र साथ संलग्न Bill of Quantities (BOQ) बमोजिमको कार्य के कति मा गर्न सकिन्छ? भन्ने विवरण खुलाइ तपशिल बमोजिम हुने गरी प्रस्ताव पेश गर्नुहुन यस प्रकृतिका कार्य गर्न इजाजत प्राप्त भएका सबै फर्म/कम्पनीहरुलाई संलग्न TOR अनुसारको कार्यका लागि BOQ सहितको आर्थिक प्रस्ताव खामबन्दी गरि ७ (सात) दिन भित्रमा पेश गर्नुहुन जानकारी गराइन्छ।

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः** २०८३/०४/०७ गते कार्यालय समयभित्र।

- **दरखास्त साथ संलग्न राख्नुपर्ने कागजातहरुः**
  - यस नगरपालिकामा सूचीकृत भएको निस्सा प्रमाण
  - कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
  - भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
  - आ.व. ०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

..............................
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

# दमक नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

दमक झापा, कोशी प्रदेश

Bill of Quantity (BOQ)

दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमक-झापा कोशी प्रदेश, नेपाल २०७३

सुनिल निरौला प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| कार्यक्रम | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरि प्रतिवेदन तयार। |
| प्रस्तावक | दमक नगरपालिका, दमक झापा |
| प्रस्ताव | दमक नगरपालिका र उर्लाबारी नगरपालिका खण्ड भएर बग्ने मावा खोला |
| प्रतिवेदन तयार पार्ने अवधी | सम्झौता मिति देखि अधिक्तम ३० दिन सम्म |

| सि न | जनशक्ति | संख्या | इकाई | कार्यदिन | दर प्रतिकार्यदिन | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | टोली नेता (वातावरण विद्) | १ | जना | १८ | | | | |
| २ | वातावरण विद् | १ | जना | १२ | | | | |
| ३ | समाजशास्त्री। सामाजिक आर्थिक विज्ञ | १ | जना | ३ | | | | |
| ४ | कानुन विद | १ | जना | ५ | | | | |
| ५ | हाइड्रोलोजिष्ट/भूगर्वविद | १ | जना | ७ | | | | |
| ६ | सिभिल इन्जिनियर | १ | जना | ७ | | | | |
| ७ | सर्वेक्षक/कम्पुटर अपरेटर | १ | जना | ९ | | | | |
| ८ | कार्यालय सहयोगी | १ | जना | १८ | | | | |
| ९ | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | १ | पटक | पटक | | | | |
| १० | प्रतिवेदन ड्राफ्ट तयारी तथा प्रस्तुतीकरण | १ | पटक | पटक | | | | |
| ११ | अन्तिम प्रतिवेदन प्रस्तुतीकरण | १ | पटक | पटक | | | | |
| १२ | विविध खर्च | २ | | LS | | | | |
| | जम्मा | | | | | | | |
| | मुल्य अभिवृद्धी कर रु. | | | | | | | |
| | कुल जम्मा रु. | | | | | | | |

# मावा खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा, भरौट/बलौटे माटो आदी संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्नको लागि कार्यसूची (ToR)

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५ तथा संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**दमक नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, दमक, झापा

श्रावण २०८३

## विषयसूची


१. प्रतिवेदन तयार गर्ने कार्यालय/संस्थाको नाम र ठेगाना ........ 2

२. प्रस्ताव ........ 2

२.१ प्रस्तावको सामान्य परिचयः ........ 2

२.२ प्रस्ताव सान्दर्भिकताः ........ 3

२.३ प्रारम्भिक वातावरणीय परिक्षणको सान्दर्भिकताः ........ 3

२.४ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची (Terms of Reference) का उद्धेश्यहरु ........ 3

२.५ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को उद्देश्यहरु ........ 4

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि ........ 4

४. प्रतिवेदन तयार गर्दा सान्दर्भिक नीति, ऐन, नियम तथा निर्देशिका ........ 5

५. प्रतिवेदन तयार गर्दा लाग्नेः ........ 7

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारित गरिएको क्षेत्र ........ 7

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव ........ 7

७.१ सामाजिक‘आर्थिक असरः ........ 8

७.२ सांस्कृतिक असरः ........ 8

७.३ भौतिक असर ........ 8

७.४ रासायनीक असरः ........ 9

७.५ जैविक असरहरुः ........ 9

८. प्रस्ताव कार्यान्वयन विकल्पहरु ........ 9

९. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका रोकथामका उपायहरु ........ 9

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु ........ 10

११. अन्य आवश्यक कुराहरु ........ 10

१२. प्रतिवेदनको ढाँचा ........ 10

## १. प्रतिवेदन तयार गर्ने कार्यालय/संस्थाको नाम र ठेगाना

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका क्षेत्र भएर बग्ने मावा खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, पुरुवा/बलौटे माटो आदि संकलन गर्ने प्रस्तावको प्रस्तावक दमक नगरपालिको कार्यालय, दमक, झापा हो।

**प्रस्तावकको पुरा नाम र ठेगाना:**

दमक नगरपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश

फोन नं. ०२३ ५९७०००

ईमेल : info@damakmun.gov.np

## २. प्रस्ताव

### २.१ प्रस्तावको सामान्य परिचय:

यो प्रस्ताव कार्यान्वयनको मुख्य उद्देश्य दमक नगरपालिका भित्र बग्ने मावा नदीबाट ढुङ्गा, गिट्टी, वालुवा, भरौट/बलौटे माटो आदि बगाई ल्याउने गरेको छ । तिनको संकलनबाट राजश्व बृद्धि हुनुका साथै नदीहरुको बहावलाई नियमित गर्न सकिने संभावना रहेको तथा नेपालको संबिधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ को परिछेद-३ मा स्थानीय तहले नदीजन्य सामाग्रीको कर अशुल गर्न सकिने प्रावधान अनुरुप आ.ब. २०७५/७६ देखिनै प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखीत परिमाण तथा मापदण्ड अनुसार यस तर्फ कदम चालिदै आएको छ र खोला बाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा, भरौट/बलौटे माटो आदिहरुको ठेक्का प्रथा द्वारा विक्रि मुल्य कर असुल गरिदै आइरहेको छ ।

ढुङ्गा, गिट्टी, वालुवा, भरौट/बलौटे माटो आदि संकलनको लागि दमक नगरपालिका भएर बग्ने खोला तथा नदीहरुलाई प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन र प्रतिवेदन स्वीकृत गराई लागु गरिनेछ। सोही अनुरुप यस अध्यनमा मावाखोलालाई समावेश गरिएको छ । यस खोलाको नदीजन्य समाग्रीको अवस्था हेरि IEE अध्यन र प्रतिवेदन तयार गरिनेछ ।

**नदी:** मावा नदी (दमक उर्लाबारी खण्ड)।

**प्रभाव पर्न सक्ने क्षेत्र:** मावा नदी दमक नगरपालिका झापा र उर्लाबारी नगरपालिका मोरङ्गको सिमानाको रुपमा रहेको छ ।उक्त खोला सँग जोडीएका दमक नगरपालिकाको वडा नं. ३, ४ र १० र उर्लाबारी

नगरपालिकाको १, ६ र ७ मा पर्ने भएको हुँदा सो वडाहरुलाई प्रभाव पर्न सकिने वडा मानी अध्ययन गरिनेछ ।

## २.२ प्रस्ताव सान्दर्भिकता:

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक श्रोतको दीगो उपयोग गरी स्थानी स्तरमा आयआर्जनको अवसर प्रदान गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपुर्ण योगदान पुऱ्याउनु नै यस प्रस्तावको उद्देश्य रहेको छ र सोही अनुरुप यसको सान्दर्भिकतालाई पनि निम्न बुँदामा स्पष्ट पारिएको छ ।

- खोलाको अवस्था, स्थीती र वहावलाई नियन्त्रण गर्ने उपाय अवलम्बव गरिनेछ ।
- खोलाको बहाव र वनोट व्यवस्थित गरी ढुङ्गा, गिटी, वालुवाको उत्खननबाट आम्दानी गरिनेछ।
- स्थानीय स्तरमा वैकल्पिक रोजगारीको सिर्जना गरी थप आय आर्जनको अवसर प्रदान गरिनेछ।
- स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिइनेछ ।

## २.३ प्रारम्भिक वातावरणीय परिक्षणको सान्दर्भिकता:

प्राकृतिक श्रोतहरुको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई अधिकतम् बनाउन तथा प्रतिकुलतालाई हटाउन वा न्यून गर्न वातावरण संरक्षण ऐन २०७६ र सो अन्तर्गत कार्यान्वयनमा आएको वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २(ग) खानी क्षेत्र अन्तर्गतनको ग (७) तथा दमक नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को अनुसूची १ को बिषय क्षेत्र खानिमा नदी सतहबाट दैनिक ३०० घन मिटर सम्म ढुङ्गा, गिट्टी, वालुवा, भरौट/पुरुवा आदि निकाल्ने प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने कानूनी प्रावधान रहेको छ । अतः यो नियमावलीको प्रावधान अनुसार उक्त प्रस्तावको कार्यान्वयनबाट वातावरणमा के कस्तो प्रभाव पर्दछ सो बारेमा मूल्यांकन गर्नु सान्दर्भिक हुन आएको छ ।

## २.४ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची (Terms of Reference) का उद्धेश्यहरु

- मुख्य सवालहरुलाई कार्यसूची परिदृश्य गराउनु ।
- प्रारम्भिक वाताणीय परीक्षणका लागि मार्गदर्शन दिनु ।
- सम्पादन गरिने कार्यहरुको व्यवस्थित सूची तथा क्रियाकलाप स्पष्ट बनाउनु ।
- प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयार गर्न स्पष्ट मार्गनिर्देश गर्नु ।

### २.५ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को उद्देश्यहरु

दमक नगरपालिका भित्रका प्रस्तावित खोलाबाट ढुङ्गा, वालुवा, ग्राभेल संकलन कार्यबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सास्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी दीगो रुपमा उक्त खोलावाट ढुङ्गा, बालुवा, ग्राभेल/भरौट आदी संकलनमा टेवा पुयाउनु IEE को प्रमूख उद्देश्य रहेको छ। अन्य बिशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन्।

- प्रस्ताव कार्यान्वयनस्थलको जैविक, भौतिक, रासायनिक तथा सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थितिको पहिचान गर्नु ।
- प्रस्तावित कार्यबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्नसक्ने अनुकुल तथा प्रतिकुल असरहरु पहिचान गरी तिनको लेखाजोखा गर्नु ।
- उपयुक्त अनुकुल प्रभावहरुको अभिबृद्धि तथा प्रतिकुल प्रभावहरुको न्यूनिकरणका उपायहरु सुझाव गर्नु।
- प्रस्तावका विभिन्न विकल्पहरुको विश्लेषण गर्नु ।
- ढुङ्गा, गिट्टि, बालुवा, ग्रावेल, भरौट/बलौटे माटो संकलनको लागी उपयुक्त स्थानको पहिचान गर्नु र वार्षिक उत्पादन क्षमता पत्ता लगाउनु ।
- उक्त क्रियाकलापको लागि वातावरणीय व्यवस्थापन योजना र अनुगमन योजना तर्जुमा गर्नु ।
- सम्बन्धित सरोकारवालाहरुलाई प्रस्तावको वातावरणीय पक्षको बारेमा जानकारी गराउनु ।

### ३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

सम्बन्धित क्षेत्रको स्थलगत निरिक्षण गरी वास्तविकता पहिचान गर्ने । वातावरणसँग सम्बन्धित निकाय तथा संघसंस्थाहरुसँग समन्वय तथा सम्पर्क गरी सूचना संकलन, आँकलन, विश्लेषण तथा मूल्यांकन गर्ने। विगत वर्षहरुको उपलब्ध सूचना तथा तथ्यांकको अध्ययन एवं विश्लेषण गर्ने। प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका क्षेत्रहरुको तथ्यांक निम्न तरिकाबाट संकलन तथा विश्लेषण गरिने छ ।

क) प्रकाशित तथा अप्रकाशित सामग्री तथा नक्शाहरुको पुनरावलोकन गर्ने ।

ख) स्थलगत सूचना चेकलिष्ट, प्रश्नावली, छलफल, अन्तरक्रिया तथा घरधुरी सर्वेक्षण कार्यक्रमबाट संकलन गर्ने ।

ग) संकलित तथ्यांकलाई तालिकिकरण, तथ्यांक शास्त्रीय विधि तथा नक्सा खप्टाउने विधि (Map Overlay) बांट विश्लेषण गरिनेछ। घरधुरी सर्वेक्षण गर्दा आसपासका कुल घरधुरीको १० प्रतिशत घरधुरी नमुना छनोट विधिबाट छनौट गरिनेछ ।

विश्लेषित तथ्यांकको अधारमा वन वातावरणमा पर्न सक्ने प्रभावको पहिचान (Identification) तथा आँकलन (Prediction) तदर्थ, चेकलिष्ट, प्रभावको उल्लेखियनतामा मूल्याँकन (Evaluation of signification of significant impact), राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० बमोजिम प्रभावको परिणाम, सिमा अवधिको आधारमा निम्नानुसारको स्कोर हाली प्रभावको परिमाणात्मक मूल्याङ्कन गरिनेछ।

प्रभावको अधिकतम १४० र न्यूनतम् २५ अङ्क हुन्छ ।

| परिमाण | अंक | सिमा | अंक | अवधि | अंक |
|---|---|---|---|---|---|
| क) उच्च/बृहत | ६० | क्षेत्रीय | ६० | दिर्घकालिन | २० |
| ख) मध्यम | २० | स्थानिय | २० | मध्यकालिन | १० |
| ग) सामान्य | १० | स्थानगत | १० | अल्पकालिन | ५ |

श्रोतः रा.वा.प्र.मु.नि. २०५०

## ४. प्रतिवेदन तयार गर्दा सान्दर्भिक नीति, ऐन, नियम तथा निर्देशिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सकिने स्पष्ट कानुनी प्रवधान रहेको छ । यसको अलावा अन्य प्रचलित ऐन, कानुन तथा वातावरण संरक्षण सम्वन्धमा नेपाल सरकारले विभिन्न समयमा उपलब्ध गराएका मापदण्ड, निर्देशनहरु समेतलाई ध्यानमा राख्न आवश्यक देखिन्छ । ती यस प्रकार छन्:

**Table 1 : सान्दर्भिक निति, ऐन, नियम तथा निर्देशिका**

| संविधान | नेपालको संविधान |
|---|---|
| नीति तथा रणनीतिक योजनाहरु | • राष्ट्रिय वातावरण नीति, २०७६<br>• राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६<br>• सोह्रौं योजना (२०८१।८२-२०८५।८६)<br>• राष्ट्रिय वन नीति, २०७५<br>• भू उपयोग नीति, २०७२<br>• राष्ट्रिय जैबिक बिबिधता सम्बन्धी रणनिति, २०५९ |
| ऐन तथा नियमहरु | • कोशी प्रदेश आर्थिक ऐन, २०८१<br>• वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली, २०७७ |

| | |
|---|---|
| | • कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ र कोशी प्रदेश प्रदेश वातावरण संरक्षण नियावली, २०७७<br>• कोशी प्रदेश वन ऐन, २०७७<br>• दमक नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६<br>• भू उपयोग ऐन, २०७६<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४,<br>• श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५<br>• वन ऐन, २०७६ र वन नियमावली, २०७९<br>• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>• भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• बालश्रम ऐन २०५९ |
| निर्देशिका, मापदण्डहरु कार्यबिधिहरु | • ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र पहिलो संसोधन २०७८<br>• दमक नगरपालिकाको संक्षिप्त तथा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन् सम्बन्धी कार्यबिधि, २०७७<br>• चुरे क्षेत्रमा बिकास निमार्ण गर्दा अबलम्बन गर्नु पर्ने कार्यबिधि तथा मापदण्ड २०७७<br>• राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०<br>• वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०<br>• अन्य सम्वन्धित निर्देशिका तथा निर्देशनहरु |
| अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |

## ५. प्रतिवेदन तयार गर्दा लाग्ने:

क) समय: अधिकत्तम अनुमानित ३० दिन (प्रतिवेदन तयारि समेत) ।

ख) अनुमानित बजेट: दमक नगरपालिकाको वेवसाईटमा सुचना प्रकाशन गरि शेवाप्रदायक संस्थाहरु सँग कोटेशन माँग गरी न्युनतम लागत अँक कवोल गर्ने संस्थासँग सम्झौता गरी कार्य अगाडी बढाइने छ। यस प्रतिवेदन तयारिका लागि लातग अनुमान Department Of Road को परामर्श सेवा खरिदको Norms लाई आधार लिई रु ४,१८,९७०।८० (Including VAT) रहेको छ।

ग) आवश्यक जनशक्तिः ७ जन्ना (वातावरण संरक्षण नियमावली २०७७ को अनुसूचि १३ बमोजिमको अनुभव भएको तल उल्लेखित बिज्ञहरुको अनुभवको Self-Declaration सहित पेश गर्नुपर्ने)

| | |
|---|---|
| १. टोलिनेताको रुपमा (वातावरणविद्) | १ |
| २. वातावरणविद् | १ |
| ३. समाजशास्त्री/ सामाजिक आर्थीक विज्ञ | १ |
| ४. कानुन विद् | १ |
| ५. भूगर्भविद्/ हाइड्रोलोजिस्टि | १ |
| ६. इन्जिनियर | १ |
| ७. सर्भेक्षक/कम्पुटर अपरेटर | १ |

## ६. प्रतिवेदन तयार गर्नको लागि निर्धारित गरिएको क्षेत्र

अगाडी उल्लेख गरिए अनुरुप यस अध्यनमा मावा नदीलाई समावेश गरिएको छ । यस नदी मोरङ्गको उर्लाबारी नगरपालिका र दमक नगरपालिकाको सिमानाको रुपमा रहेको हुँदा दुइ पालिकाको सिमानामा पर्ने नदीको भागलाई मात्र यस अध्ययनमा समेटिनेछ । यस नदीबाट ढुंगा, गिट्टी, वालुवा, भरौट/पुरुवा आदि संकलन गर्दा प्रभाव पर्न सक्ने दमक न.पा. को वडा नं. ३, ४ र १० र उर्लाबारी नगरपालिकाको वडा नं. १, ६ र ७ रहेको छन् । प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनमा गर्दा नदीको संकलन क्षेत्रको मध्य भाग देखी ५०० मिटर सम्मको दुरीलाई प्रत्यक्ष प्रभावित क्षेत्र र १ कि.मि. सम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्रको रुपमा बर्गिकरण गरी अध्ययन गरिनेछ।

## ७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

प्रस्तावकले प्रस्तावको कार्यान्वयन गर्दा निम्न क्षेत्रमा पर्न सक्ने प्रतिकूल तथा अनुकूल वातावरणीय प्रभावको पहिचान तथा आँकलन गरी उल्लेखनीय प्रभावको मूल्याङ्कन गरिनेछ । उक्त प्रभावहरुलाई निम्न शिर्षकमा विभाजन गरी अध्ययन गरिनेछ ।

क) सामाजिक र आर्थीक

ग) भौतिक

घ) रसायनीक

ङ) जैविक

प्रस्तावकले प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गर्दा सकेसम्म स्थलगत वातावरणमा पर्न सक्ने प्रभावको पहिचान तथा आँकलन गरि गरिनेछ । प्रभावको मूल्याङ्कन गर्दा तिनको परिमाण, सिमा र अवधि समेत तोकिनेछ। प्रारम्भिक अध्ययन अनुसार निम्न प्रभावहरु पर्न सक्ने देखिन्छन् ।

### ७.१ सामाजिक आर्थिक असर:

- स्थानीय स्तरमा विकास कार्यहरु (शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, यातायात) मा र आर्थिक अवसरहरुमा पर्नसक्ने प्रभावहरु ।
- स्थानीय रोजगारीमा पर्नसक्ने प्रभाव र त्यसबाट सामाजिक, आर्थिक अवस्थामा पर्नसक्ने प्रभाव
- स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन र स्वास्थ्यमा पर्न सक्ने प्रभाव ।
- फोहरमैला एवं खेरजाने सामग्री ।
- राजस्व वृद्धि ।
- नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण ।

### ७.२ सांस्कृतिक असर:

- प्रस्ताव कार्यान्वयन क्षेत्रभित्र वा आसपासका धार्मिक मठ मन्दिर, गुम्बा आदि जस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका स्थान विशेषमा पर्नसक्ने प्रभाव ।

### ७.३ भौतिक असर

- ढुङ्गा बालुवा, गिटी, भरौट आदिको संकलन र ढुवानी गर्दा खोला वरपरको माटोको भौतिक तथा रासायनिक गुणमा पर्ने असरहरु स्थानीय भू-स्वरुप, भू-बनोट र माटोको अवस्थामा आउन सक्ने परिवर्तन ।
- खोलाहरु र वरपरका बाटोमा पर्ने वनमा मानिस र गाडीहरुको निरन्तर प्रवेशले बाटो बन्न गई भू-क्षय हुन सक्ने ।
- वन र वातावरणको प्राकृतिक सौन्दर्यमा आउनसक्ने पविर्तन र अन्य भौतिक असरहरु ।
- भौतिक संरचनाहरु चर्कन तथा भत्कन सक्ने ।
- संकलन/उत्खनन सामाग्रीको भण्डारणको प्रभाव ।
- फोहरमैला एवं खेर जाने सामग्री ।

### ७.४ रासायनीक असर:

- इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावटबाट पर्ने प्रभाव ।

### ७.५ जैविक असरहरु:

- खोला र वरपरको वन र त्यहाँको पारिस्थितिक प्रणलीहरुको जैविक विविधता र जीवजन्तुका प्रजातिको संख्यामा आउन सक्ने परिवर्तन र प्रभाव ।
- वन्यजन्तुको बासस्थानमा पर्नसक्ने प्रभाव ।
- वनमा मानिसको निरन्तर प्रवेशले वन्यजन्तु तथा वन पैदवार चोरीनिकासी हुँदा हुने असर ।साथै वन क्षेत्रको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण ।

## ८. प्रस्ताव कार्यान्वयन विकल्पहरु

प्रस्तावकले प्रस्तावको बैकल्पीक विश्लेषण गर्दा वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ७ को बुन्दा ७ मा उल्लेखित निम्न पक्षलाई ध्यान दिइनेछ ।

क) प्रस्ताव कार्यान्वयन क्षेत्रको विकल्प ।

ख) संकलन, प्रशोधन र उपयोग गर्ने प्रविधि, समय तालिका बारे हुनसक्ने विकल्प ।

ग) प्रस्ताव कार्यान्वयन नगर्ने ।

घ) अन्य कुराहरु ।

उपर्युक्त विकल्पहरुमध्ये अध्ययन र विश्लेषणबाट प्राप्त नतीजाको आधारमा उपयुक्त विकल्प छनौट गरिनेछ ।

## ९. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका रोकथामका उपायहरु

प्रस्तावमा प्रस्तावित नदि वा खोलाबाट ढुंगा, गिट्टी बालुवा संकलन गरी लैजाँदा बातावरणमा पर्न सक्ने प्रभाव रोकथाम गर्न जिल्ला अनुगमन तथा समन्वय समिति, नगर अनुगमन समिति तथा आवश्यक्ता अनुसार वडा स्तरिय निग्रानी समिति गठन गरि नियन्त्रणका लागि ब्यवस्था गरिनेछ । ढुंगा, ग्राभेल, बालुवा, भरौट आदी संकलन गर्दा खोलाको दुवै किनारमा छोड्नुपर्ने क्षेत्र, पुल पुलेसोको सुरक्षा, चुरे क्षेत्रको संरक्षण, बस्ती क्षेत्र भित्र हुनसक्ने ध्वनी एवं वायु प्रदुषण जस्ता कुराको नियन्त्रणमा ध्यान दिइनेछ । प्रतिकुल प्रभावको प्रकृति हेरी तिनलाई हटाउने, न्यून गर्ने तथा क्षतिपूर्ती दिने उपायहरुको पहिचान गरी तिनलाई कार्यान्व्यन गर्ने व्यवस्था मिलाइनेछ । सबै प्रकारका वातावरण संरक्षणका उपायहरु कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने अनुमानित रकम तथा सो रकम को व्यवस्था प्रतिवेदनमा प्रष्ट रुपमा उल्लेख गरिनेछ ।

## १०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले निर्देशन गरेको प्रावधान अनुसार प्रारम्भिक वातावरणीय प्रशिक्षण प्रतिवेदनमा वातावरणीय अनुगमन गर्न उपयुक्त अनुगमनका सुचकहरु, अनुगमन विधि, कहिले र कसले गर्ने उल्लेख गरिनेछ ।

## ११. अन्य आवश्यक कुराहरु

प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतीको लागि पेश गर्दा निम्न कागजातहरु समावेश गरिनेछ ।

क) वातावरणीय संरक्षण नियमावली, २०७७ को उपनियम ७ (२) अनुसार प्रस्ताव कार्यान्वयन हुने नगरपालिका अन्तर्गतको वडा कार्यालय, विद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा सूचना टाँस गरेको मुचुल्का प्रतिलिपी ।

ख) वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७(३) अनुसार प्रारम्भिक वातावरणीय प्रशिक्षण प्रतिवेदन वारेमा स्थानीय पत्रिकामा ७ दिने प्रकाशित सूचनाको प्रतिलिपी १ प्रति समावेश हुनुपर्नेछ।

ग) अन्तिम प्रारम्भिक वातावरणीय प्रशिक्षण प्रतिवेदन ।

घ) प्रस्तावको कार्यान्वयन हुने सम्बन्धित निकायहरुको सिफारिस पत्रको प्रतिवेदनमा संलग्न प्रति समावेश गरिनेछ ।

ङ) सम्भव भएमा सम्पूर्ण प्रतिवेदनको डिजिटल प्रति १ यो प्रस्तावको प्रारम्भिक वातावरणिय प्रशिक्षणको प्रतिवेदनमा यो कार्य सूची एवं वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ११ मा उल्लेखित कुराहरु खुलाइनेछ। प्रतिवेदनमा प्रस्ताव कार्यान्वयन स्थलको नक्शा प्रस्तावको कार्यान्वयन गर्दा पर्न सक्ने अनुकुल तथा प्रतिकुल प्रभावहरु, नदी खोलाको मूल प्रभावमा पर्ने प्रभाव तथा जैविक विविधताको अवस्था एवं तिनको संरक्षण सम्बन्धित जानकारी समेत समावेश गरिनेछ । साथै यो प्रस्ताव संग सम्बन्धित कार्य योजनाका मूख्य मुख्य बुँदाहरु प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा समावेश गरिनेछ ।

## १२. प्रतिवेदनको ढाँचा

प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रकृति अनुरुप वातावरण संरक्षण नियमावली, २०७७ को अनुसुचि ११ तथा दमक नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यबिधि २०७७ को अनुसूची ७ मा उल्लेख भएको ढाँचामा

निम्नानुसारका बुँदाहरु समावेश गरि प्रतिवेदन तयार गरिनेछ मा उन्लेख भएको ढाँचामा प्रतिवेदन तयार गरिनेछ ।

- प्रस्तावको सारांश
- विषयसूची
- प्रतिवेदनमा समावेश भएका छोटा रुपका शब्दहरु
- परिचय
- प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम ठेगाना
- प्रस्ताव सम्बन्धि विवरण
- प्रस्तावसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था र मापदण्ड
- विद्यमान वातावरणीय अवस्था (भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सांस्कृतिक)
- प्रस्ताव कार्यान्वयनको विकल्पहरुको विश्लेषण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा तिनलाई कम वा रोकथाम गर्ने उपायहरु
- प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्ने कुराहरु
- निश्कर्ष तथा सुझावहरु
- सन्दर्भ सामग्रीहरुको सूची
- अनुसूचीहरु